# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, पुस ११ गते २०५१ साल (पूर्वातिरिक्ताङ्क ४१ (अ)


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

आर्थिक अध्यादेश, २०५१ बमोजिम लागी आएको राजस्व दरबन्दीमा देहायका माल वस्तुहरूमा देहाय बमोजिम हेरफेर र परिवर्तन गरिएको हुनाले श्री ५ को सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरेको छ।

भंसार दरबन्दी तर्फ

| सि. नं. | वस्तुको नाम | परिवर्तितदर |
|---|---|---|
| १. | सुकाएको लसुन (०७०३.२०.१०) | ५ प्रतिशत |
| २. | तयारी ध्यू (१५१८) | २० प्रतिशत |
| ३. | मिनरल टरपेन्टायन आयाल (२७१०.००.७६) | १० प्रतिशत |
| ४. | सावुन र सर्फ (३४०१ र ३४०२) | ४० प्रतिशत |
| ५. | अल्कीड रेजिन्स (३९०७.५०.००) | १० प्रतिशत |
| ६. | सुती कपडा (५२०८.५२०९ र .५२१२) | ३० प्रतिशत |
| ७. | निर्माणका ईटाहरू | ३० प्रतिशत |
| ८. | रूफिङ्ग टायलहरू | २० प्रतिशत |
| ९. | श्यामश्वेत टि. भि. को ट्यूब | १० प्रतिशत |

११८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मुद्रण गर्ने, माइक्रो फिल्म गर्ने र शल्य चिकित्साका क्यामरा (९००६.१०., ९००६.२०, ९००६.३० र ९००६.९९) ३० प्रतिशत

११. क्यामराका पार्टपूर्जा (९००६.९१ र ९००६.९९) ३० प्रतिशत

उपरोक्त दरबन्दी हेरफेरको अतिरिक्त देहाय बमोजिमको हेरफेर तथा परिवर्तन गरिएको छ ।

१. विलेट उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने पत्रु ( Scarap ) मा १ प्रतिशत मात्र भंसार महशुल लिने व्यवस्था मिलाइएको छ ।

२. निकासी गर्ने तयारी पोशाक उद्योगले पैठारी गर्ने स्टीम आइरन र भ्याकुम आइरनिङ्ग टेबुलमा १ प्रतिशत मात्र भंसार लाग्ने व्यवस्था मिलाइएको छ ।

३. ६० एम.एल. सम्मका कांचका सीसीहरू मसी बनाउने उद्योगले पैठारी गरेमा २० प्रतिशत मात्र महशुल लाग्ने व्यवस्था गरिएको छ ।

४. महिलाहरूको सौभाग्यको प्रतिक सिन्दुर, चुरा, टिका र टिकुलीमा भंसार माफी गरिएको छ ।

५. अण्डा राख्ने क्रेटमा भंसार माफी गरिएको छ ।

६. सुकाएको लसुनमा ५ प्रतिशत भंसार महशूल लगाइएको छ ।

७. उद्योगलाई प्रोत्शाहन गर्ने दृष्टिले तयारी ध्यूमा तयारी तेल सरह २० प्रतिशत महशुल लगाइएको छ ।

८. पेन्टस उद्योगका लागि कच्चा पदार्थ मिनरल टर्पेन्टाइन आयाल र अल्काइड रेन्जीसमा १० प्रतिशत मात्र महशुल लगाइएको छ ।

९. उद्योगलाई प्रोत्शाहन गर्ने दृष्टिकोणले साबुन र सर्फमा ३० प्रतिशतबाट ४० प्रतिशत भंसार महशुल लाग्ने व्यवस्था गरिएको छ ।

१०. कपडा उद्योगको प्रवर्धन गर्ने दृष्टिकोणले धोती, लुंगी, गम्छा, सारी, साधारण खद्दर, पिताम्बर कपडा र ध्वजा कपडा बाहेक अरू सुती कपडामा ३० प्रतिशत भंसार लाग्ने व्यवस्था गरिएको छ ।

११. स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने हेतुले निर्माणका ईटाहरूमा ३० प्रतिशत र रूफिङ्ग टायलहरूमा २० प्रतिशत भंसार लाग्ने व्यवस्था गरिएको छ ।

१२. रंगिन र श्यामश्वेत टेलिभिजनको ट्यूबको दर बराबर भएकोमा श्यामश्वेत टि. भि. को ट्यूबमा १० प्रतिशत मात्र भंसार लाग्ने गरिएको छ ।



११८२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मुद्रण गर्ने, माइक्रोफिल्म खिच्ने र शल्य चिकित्साका क्यामरा एवं क्यामराका पार्टपूर्जामा ३० प्रतिशत भंसार महशुल दर लाग्ने व्यवस्था गरिएको छ ।

१४. निकासी प्रवर्धन गर्ने दृष्टिकोणले हाल लिइ रहेको निकासी सेवा शुल्कमा ०.२५ प्रतिशत घटाइ १.५ प्रतिशत मात्र सेवा शुल्क लिने व्यवस्था गरिएको छ ।

## बिक्रीकर तर्फ

१. तामा पित्तलका भाँडावर्तन उत्पादन गर्ने उद्योगलाई बिक्रीकर खारेज गरिएको छ ।

२. तामा पित्तलको ढिक्का, इन्गट र स्क्र्यापको पैठारीमा बिक्रीकर खारेज गरिएको छ ।

३. रेडियो र ट्रान्जीष्टरमा लाग्ने बिक्रीकर दरबन्दी ५० प्रतिशत छुट गरिएको छ ।

## अन्तःशुल्क तर्फ

१. ईटा टायलमा अन्तः शुल्क लगाइएको दरः– Mechanised मा ।२० पैसा प्रति गोटा ।
चिम्नी भट्टामा प्रति चिम्नी बार्षिक रू १ लाख समदरले बुझाउनु पर्ने ।
प्रति थप चिम्नी बार्षिक रू. ५० हजार बुझाउनु पर्नेछ ।
ठाडो अवालमा बार्षिक रू. १० हजार समदरले बुझाउनु पर्नेछ ।

## कर तर्फ

१. आयकर तर्फः–

१. प्रश्नपत्र तयार गरेका वा उत्तर पुस्तीका जाँच गरी प्राप्त भुक्तानी रकमको ५ प्रतिशत अग्रिम आयकर लिने व्यवस्था भैरहेकोमा हाल सो व्यवस्था झिकिएको छ ।

२. विदेशी भाषाका फिल्म वितरकहरूलाई गरेको भुक्तानी रकमको ५ प्रतिशत अग्रिम आयकर लिने व्यवस्था भैरहेकोमा हाल सो मा १० प्रमिशत लिने व्यवस्था गरिएको छ ।

२. मनोरन्जन कर तर्फः–

१. आर्थिक अध्यादेश, २०५१ को दफा ११ अन्तरगत आर्थिक ऐन, २०५० को अनुसूची (मनोरन्जन कर) को सि.नं. ७ र १४ मा निर्माता तथा हल धनिहरूलाई दिने अनुदान सम्बन्धी व्यवस्थामा "अनुदान रकममा श्री ५ को सरकारले हेरफेर गर्न सक्नेछ" भनि थप व्यवथा भएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. ब्याज कर तर्फः–

१. आर्थिक अध्यादेश, २०५१ को दफा १३ को उप-दफा ३ बमोजिम बचत निक्षेपको बार्षिक रू. ७००।– सम्म ब्याज आर्जन हुनेमा ब्याजकर नलाग्ने व्यवस्था भएकोमा हाल रू. १०००– सम्म ब्याज आर्जन हुनेमा ब्याजकर नलाग्ने गरिएको छ ।

आज्ञाले,
राम विनोद भट्टराई
श्री ५ को सरकारको का. मु. सचिव

११८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार